## खण्ड १ : सिलबन्दी प्रस्ताव आह्वान

## सुरक्षा गार्डको सेवा करारमा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वान

सूचना नं.: CFPCC/Service/SQ/NCB/01 -2083/084)

(Procurement of Security Service)

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
आयुर्वेद चिकित्सालय
नरदेवी, काठमाडौं

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१७ गते

१. आयुर्वेद चिकित्सालय नरदेवी , काठमाडौंको लागि आर्थिक वर्ष २०८३/०८४ मा सम्झौता भएको मितिले २०८४ असार मसान्तसम्मको लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरूबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आह्वान गरिएको छ।

सुरक्षा गार्ड संख्याः ४ जना, अनुमानित रकम रू. १२,५३,७३४.१० (भ्याट सहित)
आवश्यक सेवा अवधिः सम्झौता भएको मितिले २०८४ असार मसान्तसम्म (सेवा सन्तोषजनक रहेमा आवश्यकतानुसार म्याद थप गर्न सकिने)

२. सिलबन्दी प्रस्ताव फाराम तथा यस सम्बन्धी जानकारी आयुर्वेद चिकित्सालय नरदेवी , काठमाडौंको प्रशासन शाखा वा आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

३. प्रस्ताव सम्बन्धी कागजात २०८३/०५/१८ कार्यालय खुलेको दिन कार्यालय समय भित्र नवीकरण भएको ईजाजत पत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखाको राजश्व खाता नं. १४२२९, कार्यालय कोड नं. ३७०००३५०२, खाता नं. १०००१००२०००१०००० मा बोलपत्र दस्तुर रु. १०००/- बुझाएको सक्कलै बैंक भौचर संलग्न राखी निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ। प्रस्ताव सम्बन्धी कागजात २०८३/०५/३१ गते कार्यालय समयसम्म विक्रीको लागि उपलब्ध हुनेछ।

४. खरिद भएको सिलबन्दी प्रस्ताव मिति २०८३/०६/०१ गते मध्यान्न १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

५. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनबाट ४५ दिनको हुनु पर्नेछ र सिलबन्दी प्रस्ताव साथ कम्तीमा रू. ३३,०००/- (अक्षरूपी तेत्तीस हजार मात्र) बराबरको जमानत बापत नगद जमानी राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. १७००१००१०२०३०००० वा सो रकम बराबर सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा ७५ दिन (२०८३/०८/१४ सम्म) म्याद भएको नेपालको कुनै 'क' श्रेणीको वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

६. दर्ता भएको सिलबन्दी प्रस्ताव २०८३/०६/०१ गते दिउँसो २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरू र कार्यालय प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रको कार्यालयमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।

७. सिलबन्दी प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम तोकिएको रकम बराबरको नगद जमानी वा घटीमा १२ महिना म्याद भएको नेपालका कुनै "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयका पक्षमा जारी भएको कार्य सम्पादन जमानी पत्र (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ।

९. सिलबन्दी प्रस्ताव पुरै वा आंशिक स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ।

१०. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

११. प्रस्तावकहरुवाट प्राप्त प्रस्तावहरु मुल्याङ्कन गर्दा प्रस्तावित दररेटहरु वारावर हुन आएमा गोला प्रथाद्वारा छनौट गरिने छ ।